# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २९९ | काठमाडौं | शुक्रबार, १५ फागुन २०८२ | Prabhab National Daily | Friday, 27 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





# देउवा सिंगापुर उडेसँगै कांग्रेसमा मत विभाजनको आशंका

- कांग्रेसलाई मत माग्न सुदूरपश्चिम जाने भनिएका शेरबहादुर देउवा सुटुक्क सिंगापुर उडेका छन्
- बिहीबार सुर्खेतमा आयोजना गरिएको कांग्रेसका आससभामा पूर्व उपसभापति पूर्णबहादुर खड्का उपस्थिति भएनन्
- काठमाडौंका प्रभावशाली मानिने नेता प्रकाशमान सिंह, पूर्व महामन्त्री डा शशांक कोइराला पनि चुनावी प्रचारमा देखिएका छैनन



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचनको मुखमा नेपाली कांग्रेसभित्र मत विभाजनको आशंका चुलिएको छ । विशेष महाधिवेशनबाट गगन थापाले नेतृत्व लिएसँगै निर्वाचनमा पूर्व संस्थापनले सक्रियता नदेखाएपछि मत विभाजनको आशंका चुलिएको हो ।

फागुन २१ गतेको निर्वाचनमा १६५ क्षेत्रमै उम्मेदवारी दिएको नेपाली कांग्रेसले प्रदेशको केन्द्रहरूमा आमसभा जारी राखेको छ । तर नेताहरू भने आमसभामा पूर्व संस्थापनका नेताहरू नदेखेपछि प्रश्न गर्न थालेका छन् । नेता कार्यकर्ता अहिलेको अवस्थामा शक्ति प्रदर्शनभन्दा पनि मन माभिनुपर्ने बताउँछन् ।

यसका लागि कम्तीमा पनि अहिलेका सभापति थापा र पूर्व सभापति शेरबहादुर देउवा एकै ठाउँमा देखिनुपर्ने उनीहरूको मत छ । नेपाली कांग्रेसका नयाँ कार्यसमितिले सभापति थापाले आग्रह पनि गरेका थिए । कांग्रेसका प्रवक्ता देवराज चालिसेले सभापति थापाले देउवालाई भेट्ने प्रयास जारी राखेको बताएका थिए । 'उहाँसँग कुराकानी गर्ने कुरामा सबै जना सहमत छन् । दुई-चार दिनदेखि मेहनत भइरहेको छ । अरु केही नभए पनि तत्काललाई स्टेटमेन्ट निकालौं, भावनात्मक अपिल गरौं भन्ने छ,' चालिसेले भनेका थिए ।

तर थापालाई देउवाले भेट दिने छनक दिएका छैनन् । कांग्रेसलाई मत माग्न विभिन्न क्षेत्र नपुगे पनि डडेल्धुरा देउवा पुगे पार्टीको सिट जोगिने बताइएको थियो । तर देउवा सुटुक्क सिंगापुर उडेका छन् ।

देउवाको सचिवालयले आकस्मिक उपचारका लागि उनी त्यसतर्फ लागेको जनायो । 'उहाँ डडेल्धुरा जाने कार्यक्रम नहुनुको कारण सन्चो नभएर हो । उपचारका लागि सिंगापुर जानुभएको छ । अब १९ गते फर्कनुहुन्छ,' सचिवालयका एक सदस्यले भने । देउवा बुधबार राति ११ बजे सिंगापुरतर्फ उडेका हुन् । उनको सचिवालयका अनुसार मतदान गर्न भने देउवा डडेल्धुरा पुग्नेछन् ।

देउवा सिंगापुर गएसँगै चुनावी प्रचारमा उनी जाने सम्भावना कम हुँदै गएको छ । देउवाको सचिवालयले भने कुनै पनि चुनावी प्रचारमा अहिलेको केन्द्रीय समितिले उनलाई निम्तो नदिएको दाबी गऱ्यो । 'मधेशको सभामा शेखर कोइरालालाई त नबोलाउने गगनले देउवालाई निम्तो देला र,' सचिवालयका ती सदस्यले भने ।

देउवानिकट नेताहरूले पनि चुनावी सभाहरूमा जान देउवालाई सुझाएका थिए । तर देउवा भने जेन-जी विद्रोहको क्रममा कुटिएको र घर जलेको मौका छोपी गगनले पार्टी कब्जा लिएको भन्दै उल्टै प्रश्न गर्ने गरेको एक नेताले बताए । 'यो बेलामा म कसरी चुनावी कार्यक्रममा जाने ?' देउवाको भनाइ उद्धृत गर्दै ती नेताले भने । देउवा र उनकी पत्नी आरजु देउवा जेन-जी विद्रोहको क्रममा भदौ २३ गते आफ्नै निवासमा कुटिएका थिए । सोही दिन देउवाको निवासमा तोडफोड र आगजनीसमेत भएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

# बीबीसीको 'डकुमेन्ट्री'मा अंकुश लगाउने आयोगको प्रयास

> त्यो सामग्री हामीले तुरून्त हटाउन निर्देशन दिएका छौं । नहटाएमा निर्वाचन कानुनअनुसार कारबाहीको प्रक्रिया अगाडि बढाउँछौं
>
> ■ **रामप्रसाद भण्डारी**
> कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

> यो निर्वाचन प्रभावित गर्ने 'पेड कन्टेन' मात्रै हो । सिधा खारेज गरौं । स्मरण गरौं १९५३ मा इरानमा अमेरिका र बेलायतले रेजिम चेन्ज गर्दा बीबीसी संलग्न थियो । भदौ २४ को रेजिम चेन्जमा पनि रहेछ
>
> ■ **भीम भूर्तेल**
> राजनीतिक विश्लेषक




■ जेबी योञ्जन

**काठमाडौं–** निर्वाचन प्रभावित हुन सक्ने देखिएपछि गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नगरी सरकारले थाती राख्दा बीबीसीले भने जेन-जी विद्रोहको पहिलो दिन विद्यार्थी मारिएको घटनामा तत्कालीन प्रहरी प्रमुखलाई दोषी करार गरेको छ । जेन-जी विद्रोहको बेला चन्द्रकुबेर खापुङ प्रहरी महानिरीक्षक थिए ।

बल्लतल्ल निर्वाचनको वातावरण बनेर मतदानको दिन नजिकिँदा बिहीबार एक डकुमेन्ट्री सार्वजनिक गरेर बीबीसीले एकतर्फी तत्कालीन सरकार प्रमुखलाई दोषारोपण गर्ने प्रयास गरेको छ । सामग्रीप्रति तीव्र आलोचना भइरहेको छ ।

विद्रोह बेलाको सुरक्षा सन्दर्भ र राजनीतिक पक्षलाई चर्चा नगरी एकतर्फी निष्कर्ष प्रस्तुत गर्नु र डकुमेन्ट्री सार्वजनिक भएको समयलाई लिएर प्रश्न उठेको हो । अलोचकहरूले जेन-जी विद्रोह र विद्रोहीमध्येको एक पक्षले समर्थन गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई चुनावी लाभ पुग्ने उद्देश्य हुन सक्ने आशंका गरेका छन् ।

यसप्रति निर्वाचन आयोगले गम्भीर चासो राखेको छ । उक्त भिडियो सामग्री तत्काल हटाउन आयोगले बिहीबार नै प्रेस काउन्सिललाई पत्राचार गरेको छ । नहटाए कारबाही गर्ने चेतावनी दिएको छ ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बिहीबार काउन्सिललाई पत्र पठाएको जानकारी दिँदै भने, 'हामीले तुरुन्त हटाउन निर्देशन दिएका छौं । नहटाएमा निर्वाचन कानुनअनुसार कारबाहीको प्रक्रिया अगाडि बढाउँछौं ।'

⏭ क्रमशः पृष्ठ २ मा

## निर्वाचनको तयारी पूरा

निर्वाचन आयोगले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न आवश्यक सबै व्यवस्थापकीय काम पूरा भएको बताए । कूटनीतिक समुदायका लागि बिहीबार आयोजित विशेष ब्रिफिङमा उनले निर्वाचन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन आयोग प्रतिबद्ध रहेको बताए ।

सचिव राउतका अनुसार निर्वाचनमा कुल १ करोड ७९ लाख मतदाता सहभागी हुनेछन्, जसमा ४९ प्रतिशत महिला र ५१ प्रतिशत पुरुष छन् । मतदानका लागि देशभर १० हजार ९ सय ६७ मतदान स्थल र २३ हजार १ सय १२ मतदान केन्द्र तोकिएका छन् । समानुपातिकतर्फ अस्थायी मतदाताका लागि १ सय ४३ अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको छ । निर्वाचन व्यवस्थापनका लागि २ लाख १५ हजार कर्मचारी परिचालन गरिएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# साउदीको श्रम कानुनमा व्यापक संशोधन, उल्लंघन गर्नेमाथि कडा जरिवाना

- 'वर्क पर्मिट'विना आप्रवासी कामदारलाई रोजगारी दिने रोजगारदातालाई १० हजार साउदी रियाल जरिवाना हुने
- रोजगारदाताले कामदारको पासपोर्ट वा निवास अनुमति राखेको अवस्थामा प्रतिकामदार तीन हजार रियाल जरिवाना तिर्नुपर्ने
- कामदार र कम्पनीबीच भएको रोजगार सम्झौतालाई विद्युतीयरूपमा अभिलेख अनिवार्य
- संशोधित कानुनमा महिला कामदारको सुरक्षामा विशेष जोड
- १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगार दिनु गम्भीर अपराध हुने



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरेबियाले श्रम कानुन उल्लंघन गर्ने रोजगारदातालाई लगाउने जरिवानामा व्यापक संशोधन गरेको गरेको छ । जसमा कार्य अनुमति (वर्क पर्मिट) विना आप्रवासी कामदारलाई रोजगारी दिने रोजगारदातालाई १० हजार साउदी रियाल जरिवाना हुने भएको छ ।

साउदीका मानव संसाधन तथा सामाजिक विकासमन्त्री अहमद अल राज्हीले उक्त निर्णय जारी गरेको गल्फ न्युजले बिहीबार उल्लेख गरेको छ । समाचारमा उल्लेख भएअनुसार श्रमबजारको स्थिरता र विकासलाई सुधार गर्ने प्रयासस्वरूप उक्त नियम लागू गरिएको राज्हीले जनाएका छन् ।

समाचारका अनुसार अद्यावधिक नियमहरूले भर्ती प्रक्रियामा हुने अनुपयुक्त कागजात व्यवस्थापनदेखि बाल मजदुरीसम्ममा हुने उल्लंघन समावेश गरेको छ । जसअनुसार अनधिकृत भर्ती गर्नेहरूका लागि भारी दण्ड लाग्ने भएको छ । उचित अनुमतिविना विदेशी कामदारलाई रोजगारीमा लगाउने व्यक्तिलाई पहिलो अपराधमा दुई लाख रियाल जरिवाना लगाइने भएको छ । त्यस्तै, दोस्रोमा दुई लाख २० हजार र तेस्रोमा दुई लाख ५० हजार रियाल तोकिएको छ ।

रोजगारदाताले कामदारको पासपोर्ट वा निवास अनुमति राखेको अवस्थामा प्रतिकामदार तीन हजार रियाल जरिवाना तिर्नुपर्ने भएको छ । कामदार र कम्पनीबीच भएको रोजगार सम्झौतालाई विद्युतीयरूपमा अभिलेख नगर्ने रोजगारदाता पनि जरिवानाको भागीदार हुने छन् । उनीहरूलाई प्रतिकामदार एक हजार रियाल जरिवाना तोकिएको छ ।

यस नियमले महिला कामदारको सुरक्षामा पनि जोड दिएको छ । महिला कर्मचारीलाई वैधानिक मातृत्व बिदा नदिएको अवस्थामा प्रतिकामदार एक हजार रियाल जरिवाना हुने समाचारमा उल्लेख छ । ५० वा बढी महिलालाई रोजगारी दिने कम्पनीले छ वर्षभन्दा कम उमेरका कम्तीमा १० बच्चा भएको अवस्थामा बाल हेरचाह सुविधा वा नर्सरी अनिवार्य प्रदान गर्नुपर्ने भएको छ । उक्त नियम उल्लंघन गरे तीन हजार रियाल जरिवाना हुने उल्लेख गरिएको छ ।

संशोधित नियमअनुसार श्रम कानुनको धारा १६७ विपरीत १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगार दिनु गम्भीर अपराध हुने भनिएको छ । बालश्रमविरुद्ध शून्य सहनशीलताको नीतिअनुरूप यदि श्रममा लगाएको अवस्थामा दुई हजार रियालसम्म जरिवाना लाग्नसक्ने भनिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# रोजगार सिर्जनामा दलको घोषणापत्रले जगाएन आशा

> घोषणापत्रमा युवा रोजगारलाई केही राजनीतिक दलले प्रतिबद्धता जनाएपछि कसरी र कुन आधारमा युवा रोजगार सिर्जना गर्ने विषय भने व्यावहारिक रूपमा खुल्न नसकेको युवाको धारणा छ




■ मधु शाही

**काठमाडौं–** जोरपाटीकी रमिला घिमिरेको हातमा स्नातकोत्तर उत्तिर्ण गरेको प्रमाणपत्र छ । त्यतिमात्रै होइन, होटल मेनेजमेन्टमा एक वर्ष काम गरेको अनुभव पनि छ । तर, ती अनुभव र प्रमाणपत्रले उनको घरको चुल्हो बल्दैन । घरमा बुबाआमा पाल्नुपर्ने घिमिरेको जिम्मेवारी छ । त्यसका लागि उनलाई तत्काल रोजगार आवश्यक छ । घिमिरे जागिरकै खोजीमा छिन् ।

पढाइ र अनुभवअनुसारको जागिरका साथै अपेक्षित तलब नपाउँदा घिमिरे अहिले घरमै बस्न बाध्य छिन् । 'उम्मेदवारहरू चुनावका बेला जागिर खुवाउछौं भन्दै घरदैलोमा आउँछन् । चुनाव सकिएपछि न नेता आउँछन् न त जागिर नै पाइन्छ,' घिमिरे भन्छिन् ।

सत्तरी नाघेका बुबाआमाको एक्ली सन्तान घिमिरे विदेश जाने अवस्था छैन । त्यसैले स्वदेशमै रोजगार पाउनसके आमाबुबाको हेरचार र आफ्नो जीवन पाल्न सजिलो हुने उनी बताउँछिन् ।

भक्तपुरका भीमसेन महर्जनका दुई छोरा छन् । उनले दुवै छोराको पढाइमा निकै लगानी गरे । पढेर शिक्षित हुनुका साथै जागिर पाउला भन्ने महर्जनको आश थियो । दुई छोरा स्नातक गरेर घरमै थन्किनुपर्दा महर्जनको मन पिरोलिन्छ । तरकारी उब्जिने सानो खेतको टुक्रो छ । त्यसैका भरमा चार जनाको परिवार पालिनुपरेको छ । सामान्य मान्छेले रोजगार पाउने अवस्था नरहेको महर्जनको भनाइ छ । 'छोराछोरी पढाउन त पढाएँ, जागिर खुवाउन सकिएन,' महर्जनले भने ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेशनल ट्रान्सफर एकाउन्ट प्रतिवेदनअनुसार नेपालमा युवा बेरोजगारी दर १२ दशमलव ७ प्रतिशत छ । प्रतिवेदनमार्फत सरकारलाई रोजगारी सिर्जना गर्ने, सीप विकास र उत्पादन प्रवर्द्धनमा नीतिगत सुधार गर्न सुझावसमेत दिएको छ । त्यस्तै, प्रतिवेदनअनुसार श्रमबजारमा सहभागिता न्यून देखिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## बीबीसीको...

सार्वजनिक वृत्तचित्रमा प्रहरीको आन्तरिक दस्तावेज समावेश गरिएको छ। दस्तावेजमा कल साइन 'पिटर वान'ले प्रहरी अधिकृतहरूलाई कफ्र्यू लागेको १० मिनेटपछि आवश्यक बल प्रयोग गर्न आदेश दिएको र १२:३० बजे कफ्र्यू लागेको विषय समेटिएको छ।

बीबीसीको डकुमेन्ट्रीलाई प्रायोजित सामग्री भनेर राजनीतिकवृत्तमा टिप्पणी भइरहेको छ। राजनीतिक विश्लेषक भीम भुर्तेल त उक्त सामग्री खारेजयोग्य भएको बताउँछन्। उनले प्रभावसँग भने, 'यो निर्वाचन प्रभावित गर्ने पेड कन्टेन मात्रै हो। सिधा खारेज गरौं। स्मरण गरौं १९५३ मा इरानमा अमेरिका र बेलायतले रेजिम चेन्ज गर्दा बीबीसी संलग्न थियो। भदौ २४ को रेजिम चेन्जमा पनि रहेछ।'

गत २३ र २४ भदौको जेन-जी विद्रोहको सत्यतथ्य जाँचबुझ गर्ने जिम्मेवारी गौरीबहादुर कार्की नेतृत्वको आयोगको हो। आयोगले २३ गतेको सरकारी दमन र २४ गते जेन-जी विद्रोहीहरूले मच्चाएको विध्वंशको जाँचबुझ गरेको छ। तर, निर्वाचनको संवेदनशीलतालाई ध्यानमा राखेर सरकारले समय थपेरै भए पनि प्रतिवेदन सार्वजनिक गर्ने समयलाई निर्वाचनपछि धकेलेको छ।

राष्ट्रिय मानव अधिकार आयोगले पनि प्रतिवेदन निर्वाचनपछि मात्रै सार्वजनिक गर्ने भएको छ। प्रतिवेदन सार्वजनिक गरिँदा बिग्रिन सक्ने चुनावी माहोल र बढ्न सक्ने सुरक्षा चुनौतीप्रति आयोग सजक देखिन्छ। यद्यपि, बीबीसीले भने अनुसन्धानमूलक सामग्री भन्दै तत्कालीन सरकारीपक्षलाई एकतर्फी दोषारोपण गरेर विद्रोही पक्षले समर्थन गरेको दल रास्वपालाई चुनावी लाभ पुग्ने अभिप्राय राखेको बताइन्छ।

■■■

## निर्वाचनको...

बदर मत घटाउन ६ हजार ७ सय ४३ वडामा १५ दिनसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको आयोगले जनाएको छ। निर्वाचन खर्च पारदर्शी बनाउन राजनीतिक दल र उम्मेदवारलाई छुट्टै प्रचार खाता खोल्न अनिवार्य गरिएको छ।

मतदान सकिएलगत्तै मतगणना सुरु गरिने र दुर्गम क्षेत्रबाहेक अधिकांश स्थानमा १ देखि ३ दिनभित्र परिणाम आउने आयोगले जनाएको छ। यसैबीच, देशभरका १६५ निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रणालीतर्फ गरी चार करोड ११ लाख ५३ हजार मतपत्र पुगिसकेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए।

निर्वाचन सुरक्षालाई चुस्त बनाउन सातै प्रदेशमा प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) खटाइएको छ। निर्वाचन अवधिभर प्रदेशस्तरमा सुरक्षा कमाण्ड सम्हाल्ने व्यवस्था मिलाइएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डीआईजी अविनारायण काफ्लेले बताए।

सुरक्षा व्यवस्थाअन्तर्गत मतदान मितिभन्दा सात दिनअघि देखि अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाइएको छ। यसबाहेक निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि अन्तर्राष्ट्रिय सीमा नाका बन्द गरिने निर्णय गरिएको छ।

■■■

## देउवा सिंगापुर...

त्यसपछि लामो समय सैनिक अस्पतालमा उपचार गरेका देउवा दम्पती कात्तिक १० गते थप उपचारका लागि सिंगापुर उडेका थिए। उपचारपछि देउवा दम्पती कात्तिक २८ गते नेपाल फर्केका थिए। यो बीचमा कांग्रेसमा विशेष महाधिवेशन पक्षधर र संस्थापनबीच किचलो शुरु भइसकेको थियो। पुस २७ गतेबाट शुरु भएको विशेष महाधिवेशनमार्फत माघ १ गते गगन सभापतिमा निर्वाचन भएपछि देउवा पक्ष निर्वाचन आयोग र सर्वोच्च अदालतसमेत पुगेको थियो। तर तत्कालका लागि गगनकै नेतृत्वलाई सदर गरेपछि अहिले देउवासहितका पूर्व संस्थापन मौन रहेको र चुनावी कार्यक्रमहरूमा देखिएका छैनन्। यसले निर्वाचनमा ठुलै मत विभाजन हुने भन्दै नेता कार्यकर्ता सशंकित सुनिन्छन्।

यता बिहीबार सुर्खेतमा गरिएको सभामा पूर्व उपसभापति पूर्णबहादुर खड्कालाईसमेत निम्तो नगएको बताइएको छ। गगनको प्रमुख अतिथ्यमा आयोजित सभामा खड्का नदेखिएपछि प्रश्नसमेत उठेको थियो। सुर्खेत १ बाट निर्वाचन लड्दै आएका खड्काका भाइ विष्णुबहादुर खड्काले यो क्षेत्रबाट टिकट पाएका छन्। विष्णुले भने कांग्रेसमा कुनै फुट नरहेको दाबी गरे। 'मलाईसमेत यो कार्यक्रममा नआउने भनेर प्रचार गरिएको थियो। तर मैले गगन थापाको हस्ताक्षरबाट टिकट पाएको हुँ। म यहाँ सिम्ताको कार्यक्रम सारेरै आएँ,' खड्काले भने।

विपक्षले मत भाँड्नका लागि विभिन्न प्रपञ्च रचेको उल्लेख गर्दै खड्काले कांग्रेस एकढिक्का रहेको दाबी गरे। 'एमाले र नेकपाले कांग्रेसको मत भाँड्न विभिन्न प्रपञ्च गरेका छन्। कांग्रेस एकढिक्का छ। अरुको पछि नलाग्नुस्,' खड्काले भने। यद्यपि खड्का सभापति थापालाई कुरेर भने बसेनन्। सभा शुरु हुनसाथ खड्काले सम्बोधन सकाएर अर्कै कार्यक्रमका लागि भन्दै मञ्च छाडेका थिए।

■■■

'सभापतिसँग फोन सम्पर्क भएन। माला ल्याएको छु। सभापतिलाई लगाउनुहोला। म अर्कै कार्यक्रमको लागि जानुपर्ने भएकोले उहाँलाई यही कुरा सुनाइदिनुहोला,' खड्काले मञ्चबाटै भने।

यता काठमाडौंका प्रभावशाली मानिने नेता प्रकाशमान सिंह, पूर्व महामन्त्री डा शशांक कोइराला पनि चुनावी प्रचारमा देखिएका छैनन्।

■■■

## साउदीको श्रम...

श्रम कानुनको अध्याय १० अन्तर्गत किशोरहरूलाई रोजगारीमा लगाउने कम्पनीलाई प्रतिकामदार एक हजार ५०० रियाल दण्ड जरिवाना हुनसक्ने जनाइएको छ।

साउदी नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो। प्रत्येक वर्ष एक लाखभन्दा बढी कामदार रोजगारीको खोजीमा साउदी जाँदै आएका छन्। गत आर्थिक वर्ष २०८१/८२ मा एक लाख ५२ हजार ५५७ जना व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति लिएर त्यहाँ गएका थिए। आव २०८०/८१ मा एक लाख ४१ हजार ५०२ जना गएको तथ्यांक छ। उनीहरू कन्स्ट्रक्सन, क्लिनिङ, प्याकेजिङ, लोडिङ, डेलिभरीजस्ता काममा जाने गरेका छन्।

साउदीमा घरेलु कामदारबाहेक चार लाख नेपाली कार्यरत रहेको बताइन्छ। पछिल्लो समय त्यहाँ कार्यरत आप्रवासी कामदारको अधिकार हननको विषय अन्तर्राष्ट्रियरूपमा उठ्न थालेपछि श्रम कानुनका विभिन्न पक्षलाई सुधार गर्दै लगेको पाइन्छ।

■■■

## रोजगार...

श्रम बजारमा जम्मा ३८ दशमलव ५ प्रतिशत मात्रै सहभागिता दर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (१६ देखि ४०) उमेर समूहको जनसङ्ख्या एक करोड, २४ लाख १२ हजार १७३ रहेको छ। कूल जनसङ्ख्याको ४२ दशमलव ५६ प्रतिशत युवा छन्। जसमा १२ दशमलव ७ प्रतिशत बेरोजगार छन्।

युवा बेरोजगार न्यूनीकरण गर्ने र स्वदेशमै रोजगार सिर्जना गर्ने प्रतिबद्धता लिएर यतिबेला जनताका घरघर राजनीतिक दलका घोषणपत्र पुगेका छन्। घोषणापत्रमा युवा रोजगारलाई केही राजनीतिक दलले प्रतिबद्धता जनाएपछि कसरी र कुन आधारमा युवा रोजगार सिर्जना गर्ने विषय भने व्यावहारिक रूपमा खुल्न नसकेको युवाको धारणा छ।

युवा उद्यमी प्रार्थना साखःले घोषणापत्रमा युवाको रोजगार र उद्यमीका विषयमा विषय समेटिएको भए पनि व्यवहारमा कतिसम्म लागू हुन्छ भन्ने कुरामा निर्धक्क हुन नसकेको बताइन्। उनका अनुसार पछिल्लो समय डिजिटल प्रविधि मैत्री रोजगारबारे राजनीतिक दलका घोषणापत्रले प्रमुखताका साथ बुँदा समावेश गरेका छन्। यसलाई युवाले सकारात्मक रूपमा लिएको साखःले बताइन्। यद्यपि युवा जनशक्तिलाई स्वदेशमै टिकाउने र रोजगारमा जागरुक बनाउने वातावरणको अपेक्षा आगामी सरकारले गर्नुपर्ने उनको धारणा छ।

आसन्न प्रतिनिधिसभाको निर्वाचनका लागि लक्षित गरी विभिन्न राजनीतिक दलले घोषणापत्र तयार पारेका छन्। जसमा युवा जनशक्ति, रोजगार र श्रम सीपको चासो महत्वपूर्णका साथ उठाइएको छ। नेपाल कम्युनिष्ट पार्टीले श्रम तथा रोजगार नीतिअन्तर्गत वैदेशिक रोजगारीबाट सिकेको ज्ञान, सीप, प्रविधि तथा उद्यमशीलतालाई स्वदेशमा प्रभावकारी प्रयोग गर्न 'रिटर्नी' लक्षित विशेष कार्यक्रम सञ्चालन गरी उद्यमशीलता, मनोसामाजिक तालिम, व्यावसायिक कर्जा, प्राविधिक सेवा तथा कृषि आधुनिकीकरणमा संलग्नता गराइने उल्लेख छ।

त्यस्तै, नेपाली कांग्रेसले घोषणापत्रमा रोजगार, श्रम र सीपका विषयमा प्रतिबद्धता जनाएको छ। जसमा आगामी पाँच वर्षमा १५ लाख मर्यादित र उत्पादनशील रोजगारी सिर्जना गर्ने प्रतिबद्धता छ। युवाको मनोभाव प्रभाव पार्ने बुँदा डिग्रीसँगै सीपः पढाइसँगै कमाइ भनी लोकप्रिय नारासमेत समेटेको छ।

नेपाल कम्युनिष्ट पार्टी( एमाले)ले युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड गर्ने उल्लेख छ। खासगरी डिजिटल पहुँच विस्तारमा जोड दिँदै सूचना प्रविधिमार्फत युवा उद्यमी वृद्धि गर्ने प्रतिबद्धतामा राखिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को चुनावी घोषणापत्रमा युवा श्रमलाई नीतिगत र कानुनी प्रक्रियामार्फत रूपान्तरण गर्नेमा जोड दिएको छ। नेपालमै बसेर विदेशी कम्पनी, निकाय वा रोजगारदाताका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न स्पष्ट नीति र कानुन निर्माणमा जोड दिने, श्रम ऐन तथा सम्बन्धित कानुनमा संशोधन गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमा पार सेवा निर्यातलाई वैधानिक मान्यता प्रदान गर्ने घोषणापत्रमा उल्लेख छ। *रासस*


## KI Singh Rural Municipality
### Office Of The Rural Municipal Executive
### Wayal, Doti
### Sudurpachim Province, Nepal

**Invitation For E-Bids**

**Date of Publication : 2082/11/15(27th Feb 2026)**

The KI Singh Rural Municipality Wayal Doti invites *online Bids* From Eligible Nepalese Bidder For the Procurement of the Following Works:

| Contract Identification No | Description of works | Estimated Amount(Including Vat and PS) | Bid Document Fee Nrs. | Bid Security Nrs. | Bid Validity |
|---|---|---|---|---|---|
| 04/NCB/W/KISRUM/2082/083 | Construction of GaneshKada Janjati Bastima Khanepani tatha Sichai pokhari Nirman | 25,00,000 | 3,000/- | 64,000/- | 90 days |
| 03/SQ/GOODS/KISRUM/2082/083 | Buying and Supplying of stationary items in KI Singh Rural Municipality | 14,20,000 | 1000/- | 35,000/- | 75 days |

Eligible Bidders may obtain further information from *PPMO website : www.bolpatra.gov.np/egp*

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**(प्रकाशित मितिः २०८२।११।१५ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले डिजिटल खेती कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

**ऋणी र कर्जा शिर्षकको विवरणः**

**१. ऋणीको नामः सञ्जय बेघा**
ना.प्र.प.नं (जारी मिति/स्थान): ०२-१४-७२-०००२७(२०७२/०६/१६/पाँचथर), बाजेको नामः धन बहादुर बेघा, बाबुको नामः श्रीप्रसाद बेघा, ठेगानाः पाँचथर जिल्ला, याङवरक गा.पा., वडा नं. २ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. २९, लाखुरबस्ती।

**२. ऋणीको नामः चेतराम गिरी**
ना.प्र.प.नं (जारी मिति/स्थान): ३०६९५ (२०५१/११/२५/कास्की), बाजेको नामः नन्द राज गिरी, बाबुको नामः गगन गिरी, ठेगानाः कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. १९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १, सिमपानी बगर।

**३. ऋणीको नामः ज्ञानु भण्डारी**
ना.प्र.प.नं (जारी मिति/स्थान): ४६३०४३/२४ (२०६३/१०/१५/कास्की), बाबुको नामः केदारनाथ अधिकारी, ससुराको नामः ठाकुर प्रसाद भण्डारी, पतिको नामः शिव कुमार भण्डारी, ठेगानाः कास्की जिल्ला, धम्पुस गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, माछापुच्छ्रे गा.पा. वडा नं. ७।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## सुनवर्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### डाईनियाँ, मोरङ
### कोशी प्रदेश, नेपाल

**ब्याक हो लोडर खरिद सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/११/१५)**

यस नगरपालिकाको लागि देहाय बमोजिमको ब्याक हो लोडर खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादन कम्पनी वा सो को आधिकारीक बिक्रेता बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन बिक्री गर्न चाहाने उत्पादक कम्पनी वा आधिकारीक बिक्रेताहरूले स्पेसिफिकेसन, गुणस्तर, मुल्य र सुबिधा सहितको विवरण (सम्बन्धित कम्पनीको वेभसाईट वा कागजात (ब्रोसर)मा अनिवार्य रूपमा सार्वजनिक गराएको हुनुपर्नेछ) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित उत्पादक कम्पनी वा सो को आधिकारीक विक्रेताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ब्याक हो लोडर को विवरण**

| S. No. | Type of Vehicle | Quantity | Requirement (General Specification) |
|---|---|---|---|
| 01 | Backhoe Loader | 1 (One) | As Mentioned in technical specification |

**प्राविधिक प्रस्ताव खोल्नु पूर्वको बैठक मितिः** २०८२/११/१५ गते दिनको १३:०० बजे

**स्थानः** पूर्वाधार विकास शाखा, सुनवर्षी नगरपालिका।

**नोटः** यस सम्बन्धी विस्तृत जानकारी नगरपालिकाको वेवसाईट www.sunawarshimun.gov.np मा उपलब्ध गराईएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ओमनमा रोजगार
कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339766 | चलानी नं. ६०२५३०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Builder/ Block Setter | 50 | 0 | 120 | ४५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Building Painter | 20 | 0 | 120 | ४५,१७० | | | | | | | |
| 3. | Scaffolding Fitting Metal Labor (Scaffolder) | 20 | 0 | 120 | ४५,१७० | | | | | | | |
| 4. | Reinforced Building Smith | 80 | 0 | 120 | ४५,१७० | | | | | | | |
| 5. | Buildings Joiner | 80 | 0 | 120 | ४५,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Index Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## साउदीमा रोजगार
कम्पनी : ABDULAZIZ ABDULRAB AL-RASOUL BIN MUSA AL-MASAEED TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339609 | चलानी नं.६०२५३००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 1 | 0 | 1400 | ५४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PEPPER RIVER RESTAURANT CATERING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339730 | चलानी नं.६०२५३००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
श्रम ईजाजत नं. १६६५/०८०/८१
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## कतारमा रोजगार
कम्पनी : LUX CLEAN FOR SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 333910 | चलानी नं. ६०२४७६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean Worker | 0 | 4 | 1000 | ३९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Host For Reservation | 0 | 4 | 1200 | ४६,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Paliv International Pvt. Ltd.**
श्रम ईजाजत नं. ११६४/०७३/०७४
Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470
Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com

## कुवेतमा रोजगार
कम्पनी : SOCIETY OF NAILS LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 332873 | चलानी नं. ६०२४६५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 3 | 150 | ६९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Indoor Cleaners | 0 | 3 | 100 | ४७,४३० | | | | | | | |
| 3. | Nail Technicians | 0 | 3 | 150 | ६९,१७० | | | | | | | |
| 4. | Manicure/pedicure | 0 | 3 | 150 | ६९,१७० | | | | | | | |

कम्पनी : GRAN NAIL LADIES NEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339507 | चलानी नं. ६०२५३०१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/hair Stylist | 0 | 1 | 150 | ६९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/nail Technician | 0 | 3 | 150 | ६९,१७० | | | | | | | |
| 3 | Manicure/pedicure | 0 | 3 | 150 | ६९,१७० | | | | | | | |

कम्पनी : CAVANI MEN'S INSTITUTE & SALON

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339508 | चलानी नं. ६०२५३०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 5 | 0 | 150 | ६९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

# निर्वाचनको समयमा निषेध गरिएका कार्यहरू गरे कारबाही गर्न आयोगको अनुरोध

**काठमाडौं–** निर्वाचन आयोगले निर्वाचनको समयमा निषेध गरिएका कार्यहरू हुन नदिने र कहीँ कतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन गृह मन्त्रालयलाई अनुरोध गरेको छ ।

आयोगले विज्ञप्ति जारी गरी यही फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न गराउन गृह मन्त्रालयले सबै प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिन र जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ र १८ बमोजिम विशेष गरेका कार्य गर्नेलाई कारबाही गरिएकाबारे जानकारी दिन अनुरोध गरिएको जनाएको छ ।

आयोगले मतदानको मितिभन्दा सात दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाउन पनि आग्रह गरेको छ ।

'मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन) हरू, कूटनीतिक नियोगका सवारीसाधनहरू र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारी साधनहरू सम्वत् २०८२ साल फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउनू,' आयोगले भनेको छ ।

यसैगरी मतदानको दिनमा अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू यथावत् सञ्चालनको व्यवस्था मिलाउने, अन्तर्राष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुहरूलाई विमानस्थलदेखि घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाउन पनि आयोगले स्पष्ट पारेको छ ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा छ मा उल्लेख भएबमोजिम निर्वाचनमा शान्तिसुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यसहित सोही दफाको खण्ड (झ) मा उल्लेख भएको प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपुर्जा वा सवारी चालक अनुमतिपत्र लिएर मतदान केन्द्रमा जानुपर्ने गरी व्यवस्था गरेका छ । *रासस*

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
ने सं-१०८९ घटस्थापना
(असोज २०२५)

स्वर्गारोहण
११४६ चिल्लाथ्व नवमी
(१३ फागुन २०८२)

**स्व. पदम श्रेष्ठ**

**प्रभाव राष्ट्रिय दैनिक**का नियमित स्तम्भकार लेखक/अनुसन्धाता **पदम श्रेष्ठ**को ५७ वर्षको अल्पायुमै निधन भएको खबरले हामी स्तब्ध भएका छौं । कला, संस्कृति, सम्पदालगायत विषयमा निरन्तर कलम चलाउँदै आउनुभएका उहाँले नेपाली पत्रकारिता तथा साहित्य क्षेत्रमा पुर्‍याउनुभएको योगदान चिरस्मरणीय रहनेछ । यस शोकको घडीमा लेखक श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने प्रार्थनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कृष्णबहादुर कार्की**
**प्रबन्ध निर्देशक**
**तथा**
**प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**
कामपा–७, सिफल, काठमाडौं

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
ने सं-१०८९ घटस्थापना
(अश्विन)

स्वर्गारोहण
११४६ चिल्लाथ्व नवमी
(फाल्गुन)

**स्व. पदम श्रेष्ठ**

मेरा पूजनीय पिता **पदम श्रेष्ठ** निःस्वार्थ माया, अथाह त्याग र कर्मठ व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ आज हामीबीच रहनुभएन, तर उहाँको माया र आशीर्वाद सधैं हाम्रो हृदयमा जीवित रहिरहनेछ । उहाँले देखाउनुभएको मार्गनिर्देशन र दिनुभएको संस्कार नै हाम्रो जीवनको आधार हुनेछ ।
परमात्माले दिवंगत आत्माको चिरशान्तिको कामना गरून् ।

उपमा श्रेष्ठ (छोरी)

आमा- **सीता श्रेष्ठ**
भाइ - **मदन श्रेष्ठ**
भाइ - **प्रकाश श्रेष्ठ**
भाइ - **प्रविण श्रेष्ठ**
दिदी - **मन्जु श्रेष्ठ**
बहिनी - **अञ्जु श्रेष्ठ**
बहिनी - **सञ्जु श्रेष्ठ**

श्रीमती - **उषा महर्जन श्रेष्ठ**
भाइ बुहारी - **लक्ष्मी श्रेष्ठ**
भाइ बुहारी - **काजल श्रेष्ठ**
भाइ बुहारी - **काजी तामाङ**
भतिजी - **प्रनुस्का श्रेष्ठ**
भतिज - **मविस श्रेष्ठ**
भतिज - **प्रणिक श्रेष्ठ**

**तथा**
**सम्पूर्ण श्रेष्ठ परिवार**

**Purchaudi Municipality**

## Office of Municipal Executive

**Hat, Baitadi**

**Sudurpaschim Province, Nepal**

## Invitation for sealed quotation

Date of Publication: **2082/11/15 (27 Feb, 2026)**

1. Purchaudi Municipality office of Municipal Executive Hat, Baitadi invites electronic or e-bids from eligible bidders for the construction of following Works under Sealed Quotation Bidding Procedures.

| S.N. | Contract ID | Description of Works | Estimated Amount (Without VAT & PS.) | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | PNP/BTD/SQ/W/05/2082/083 | Construction of Yamari Devsthal & Masanghat Ban Sanraxyan Aayojana | 17,08,723.53 | 50,000.00 | 1000.00 | 45days |

| Further Information to Bidders; | |
|---|---|
| Last Date and Time of Bid Submission | 2082/12/01 (Mar-01, 2026) 12:00 hours. Bidders shall have the option of submitting their bids electronic only. |
| Bid Opening Date, Time And Place | 2082/12/01 (Mar-01, 2026) 13:00 hours at the Purchaudi Municipality Office Hat, Baitadi. |
| Account Details for Bid Document Purchase | Name of the Bank: Global IME Bank, Purchaudi Branch, Baitadi.<br>Name of Office: Purchaudi Municipality, Hat, Baitadi<br>Office Account No.: Ga-1-1- 12404010000015 (Aantarik Rajashow Khata Purchoudi) |
| Account Details for Bid Security Deposit | The Bidder Shall furnish a bid Security as mentioned above, from commercial bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law which shall be valid for 30 days beyond the validity period of the bid. or can deposit the cash in the following Bank.<br>Name of the Bank: Global IME Bank, Purchaudi Branch, Baitadi<br>Name of Office: Purchaudi Municipality, Hat, Baitadi<br>Office Account No.: Ga-3-1-12404010000005 (Dharauti Khata) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents PPMO website www.bolpatra.gov.np/egp .
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**Dewanganj Rural Municipality**

## Office Of Rural Municipal Executive

**Dewanganj, Sunsari, Koshi Province, Nepal.**

## Invitation of Electronic Bids

**Date of publication: 27-02-2026 (15-11-2082)**

1. Dewanganj Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction work mentioned in the BOQ., under National Competitive Bidding procedures ( Single stage Single/Double Envelope )

| S.N. | Description of works | Estimated amount (Excl.Vat & Contingencies; Incl. Prov.Sum) | Bid Security Amount (NRs) | Non-refundable fee for Bidding Document (NRs) | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1. | Motor Boring Sinchai ra Sinchai ko lagi krishi motor karyakram (DRM/GOODS/C/NCB/03/2082-083) | Single Stage Two Envelope Bidding Procedure | 5,58,000.00 | 5000.00 | 2026-03-29 |
| 2. | Satsang Bhawan, Dewanganj-04 DRM/BUILDING/C/NCB/08/2082-083) | 2,294,305.178 | 56,000.00 | 3000.00 | 2026-03-29 |

2. Eligible Bidder may obtain further information about Bidding Documents from the PPMO e-GP system www.bolpatra. gov. np/epp, shall submit a written application along with a copy of the company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
   - ➢ Name of the Bank: NIC Asia Bank Ltd, Inaruwa Branch(Inaruwa Municipality-02,Sunsari)
   - ➢ Name of Office: Dewanganj Rural Municipality Office
   - ➢ Internal Revenue (Rajaswa) Account no.:2432050026455007(For purchasing Bid Documents Only)
   - ➢ Security Deposit (Dharauti) Account Number:243CA50021917002 (For Bid Security Only)
3. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand, and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### देश निर्वाचनमय, सबैले संयमता अपनाऊ

प्रतिनिधि सभाको निर्वाचन अब ६ दिन बाँकी छ। निर्वाचनका पूर्वसन्ध्यामा दलहरूले अझै पनि मतदान हुँदैन कि भन्ने किसिमका आशंका व्यक्त गर्न छाडेको छैन। कांग्रेस सभापति गगन थापाले बिहीबार सुर्खेत पुगेर निर्वाचनप्रति संशय उत्पन्न भएको मत राखे। यद्यपि कांग्रेसको पूर्ण साथ निर्वाचन सम्पन्न गर्नमै रहेको थापाले बताए।

निर्वाचनको मुखमा सरकारले भदौ २४ को विध्वंशमा संलग्नविरुद्धको उजुरीमा निर्णय लिने तयारी गरेको छ। भदौ २४ मा संसद भवनदेखि सिंहदरबारसम्म जलाइएको थियो। उक्त दिन नेताका घरदेखि पार्टी कार्यालय र प्रहरी चौकी निशानामा परेका थिए भने व्यापारिक केन्द्रहरू पनि आगजनीबाट नष्ट भयो। भदौ २३ गते युवाहरूको विरोध प्रदर्शनका क्रममा संसद भवनअगाडि युवाहरू मारिएको आक्रोशमा भदौ २४ को घटना भएको थियो।

यो घटनाको सत्यतथ्य छानबिन गर्न पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा छानबिन आयोग गठन भएको छ। यो आयोगले निर्वाचनको मुखैमा प्रतिवेदन सार्वजनिक गर्ने तयारी रहेको सुनिएको छ। यो भनेको निर्वाचनमा भाग लिन लागेका सबै पक्षलाई भाँड्नु हो। यता यही बेला बीबीसीले भदौ २३ को घटनालाई समेटेर वृत्तचित्र सार्वजनिक गरेको छ।

यो वृत्तचित्रले भदौ २३ लाई पुनस्मरण गराइदिएको छ भने पुराना दलप्रति आक्रोशित जनताले सामाजिक सञ्जालमा यसलाई व्यापक बनाएका छन्। उक्त रिपोर्टमा पूर्व आइजी चन्द्रकुवेर खापुङको आदेशपछि प्रदर्शनकारीमाथि गोली चलाएको दाबी गरिएको छ। यो रिपोर्टले निर्वाचन बिथोलिने देखिएको कतिपयले दाबी गरेका छन्।

यता निर्वाचन आयोगले भने यो भिडियो हटाउन भन्दै प्रेस काउन्सिललाई पत्र पठाएको छ। सबैभन्दा पहिले त बीबीसीको रिपोर्ट हटाउन आयोगले दिएको निर्देशन आफैमा विवादास्पद छ। सबै पक्ष निर्वाचनका लागि तयार रहेको बेला आयोग आफै भने निर्वाचनको वातावरण बिथोल्नेतिर लागेको देखिन्छ। खासमा पत्रकारिता सरकारलाई खबरदारी गर्ने माध्यम हो। जेन–जी विद्रोहको समयमा भएका घटनाको दोषी लुकाउन सरकारले छानबिन आयोगको प्रतिवेदन सारेको सान्यै गरेको बेला बीबीसीको रिपोर्टले मतदातामा एक किसिमको राहत दिलाएको छ।

निर्वाचन आयोगले रिपोर्ट हटाउनु भन्नु स्वतन्त्र पत्रकारितामाथिको धावा हो। यसरी अंकुश लगाउन खोज्नु आफैमा शंकास्पद विषय हो। त्यसैले निर्वाचनको मुखमा आयोगले यस्तो खालको शंकास्पद काममा आफूलाई अघि बढाउनु हुँदैन। निर्वाचन नजिकिएको छ यसैले यो बेला दल, जेन–जी अभियन्ता, मिडिया सबैले संयमता अपनाउन जरुरी छ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

# नेपाली राजनीति र महिला सहभागिताको सवाल



❑ विमला तुम्खेवा

“ सबै पार्टीहरूले समुन्नत समाजको परिकल्पना गर्दैगर्दा महिला उम्मेदवारलाई जिताउनु केवल एक व्यक्तिलाई जिताउनु होइन, आधा जनसंख्याको आवाज संसद्सम्म पुऱ्याउनु हो भन्ने चेतना मतदातासम्म पुग्न आवश्यक छ। महिलाको जनसंख्या बढी भएर पनि राजनीतिक प्रतिनिधित्व कम हुनु लोकतन्त्रको गम्भीर विरोधाभास हो। महिला उम्मेदवार कम हुनु केवल महिलाको कमजोरी होइन, दल, राज्य संरचना र समाजको सामूहिक असफलता हो।

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनमा महिला नेताहरूको उमेदवारीलाई हेर्ने हो भने नेपाली समाजमा महिलाले गर्नुपर्ने संघर्ष अझै धेरै छ भन्ने स्पष्ट गर्दछ।

त्यसो त नेपाली महिलाहरूको राजनीतिक क्षेत्रमा इतिहासदेखि वर्तमानसम्मको अवस्थालाई अवलोकन गर्ने हो भने राजनीतिमा महिलाको योगदान ऐतिहासिक, संघर्षशील र प्रभावशाली रहँदै आएको छ। यति योगदान ठूलो भए पनि त्यसको पहिचान र प्रतिनिधित्व अझै समानुपातिक हुन सकेको छैन। किन हुन सकेन भन्नेतर्फ दल र नेताले गहिरोसँग आत्मालोचना गरेको देखिँदैन।

महिलाहरूले राजनीति र हरेक राजनीतिक परिवर्तनको अप्ठ्यारो परिस्थितिमा ऐतिहासिक भूमिका खेल्दै आएको देखिन्छ। विगतलाई फर्केर हेर्दा २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि पञ्चायतविरुद्धको संघर्ष, २०४६ र २०६२/६३ सालको जनआन्दोलनमा महिलाहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुको साथै संगठन विस्तार, सडकदेखि सदनसम्म उल्लेखनीय भूमिका खेल्दै हरेक आन्दोलनदेखि भूमिगत संगठनसम्म महिलाको सक्रियता निर्णायक रह्यो।

यसले गर्दा यो देशको हरेक उपलब्धि र अवसरमा समान हक छ तर व्यावहारिकरूपमा महिलाको अस्तित्वलाई स्वीकार्न अझै गाह्रो नै छ। नेपालको संविधानले अलिअलि सम्बोधन गरेको छ। समानता र मानवअधिकारलाई संघीय संसद्, प्रदेशसभा र स्थानीय तहमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुलाई राम्रो रूपमा लिन सकिन्छ। संविधानले महिला अधिकारलाई मौलिक हकको रूपमा स्थापित गर्नुको साथै समानुपातिक समावेशी सिद्धान्त संस्थागत हुनुमा महिला राजनीतिज्ञ, अधिकारकर्मी र आन्दोलनको संयुक्त परिणाम हो। यसले गर्दा नेपालले राज्य संरचनामा राष्ट्रपति, सभामुख/उपसभामुख, मन्त्री, प्रदेश प्रमुख, स्थानीय तहका प्रमुख/उपप्रमुखको रूपमा महिलाको उपस्थिति पाइसकेको छ। यसले शासन प्रणालीलाई नागरिकमैत्री, पारदर्शी र सामाजिक मुद्दामुखी बनाएको छ।

तर यसपटकको निर्वाचनमा विगतका निर्वाचनको तुलनामा महिलाको उपस्थिति कम हुनुले फेरि पनि महिलाको नेतृत्वसम्बन्धी आवाज उठाउने सामाजिक संघसंस्था, राजनीतिक पार्टीहरू सबैमा नैतिक प्रश्न उठेको छ। पहिला पहिलाझैँ महिलासम्बन्धी आवाज उठाउने संस्था सक्रिय नहुनुले पनि महिलाप्रति सकारात्मक वातावरण अलिक कमजोर देखिँदै आएको छ।

त्यसो त महिला सुरक्षा दबाब समूहलगायतका संस्थाहरूले कम्तीमा संविधानले निर्देश गरेबमोजिम महिलालाई जिताएरै ल्याउनुपर्ने मतलाई जोडदाररूपमा अघि सारेर सबै राजनीतिक दलकहाँ मागपत्र बुझाएको छ। पछिल्लो जेन-जी आन्दोलनपछि राजनीतिक पार्टीमा आफूलाई सच्याएर लाने पार्टीमध्ये नेपाली कांग्रेस अग्रपंक्तिमा पर्छ र यो सकारात्मक हो। राजनीतिक दलहरू अझै पनि ‘जित्ने क्षमता’ लाई पुरुषसँग जोडेर हेर्ने गर्छन्। तर कांग्रेसले पदाधिकारी तहमै तीन महिला ल्याउनु राम्रो सुरुआत हो तर नेपाली समाजको आवश्यकताचाहिँ अबको दिनमा विकास र देशप्रतिको कति जवाफदेही छ भन्ने नै मुख्य हो।

महिला आफैंचाहिँ अहिले पनि सबै हिसाबले पार्टीभित्र साँघुरिएर बस्नुपरेको अवस्था छ। त्यसकारण पनि अझै महिला नेताहरूप्रति दलको लचिलो रणनीति हुन जरुरी छ। मैदानमा महिला किन कम छन्? यो प्रश्नको जवाफ सबै पार्टीलाई नैतिकरूपमा जान्छ। देशलाई इमान्दार भएर कसले नेतृत्व गर्छ भन्ने नै प्रमुख सवाल हो। त्यसो त अग्रवादी सोचका पार्टी हौं भन्ने धेरै पार्टीहरूले महिलालाई नेता मान्न र नेतृत्व तहमा उभ्याउन हिचकिचाइरहेको अवस्था छ।

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा महिलाको जनसंख्या पुरुषभन्दा करिब छ लाख ५७ हजारले बढी रहेको स्पष्ट देखाउँछ। तर यही तथ्य निर्वाचन आयोगको मतदाता सूचीमा पुग्दा उल्टो चित्र देखिन्छ महिला मतदाताको संख्या पुरुषभन्दा चार लाखभन्दा बढीले कम छ। यही अन्तरले केबल मतदाता सूचीको प्राविधिक कमजोरीमात्र होइन, महिलाको राजनीतिक पहुँच, सहभागिता र प्रतिनिधित्वमा रहेको संरचनागत असमानता उजागर गर्छ। मतदाता सूचीमा महिलाको नाम दर्ता कम हुनु आफैंमा ठूलो समस्या हो तर किन यस्तो भइरहेछ भन्ने पछाडि पक्षलाई बुझ्दा नागरिकता लिन ढिलाइ, बसाइँसराइ, वैवाहिक नाम परिवर्तन, घरधन्दाको चाप, तथा राजनीतिक प्रक्रियाप्रति निराशाले महिलालाई मतदाता प्रक्रियाबाट टाढा राखेको देखिन्छ।

जब निर्वाचन आउँछ तबमात्र यस विषयमा केन्द्रित भएर गरिने जनचेतनामूलक कार्यक्रम वास्तवमा प्रभावहीन रहन्छन्। त्यसकारण पनि सन्दर्भमा आसन्न निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत महिला उम्मेदवारको संख्या न्यून हुनु कुनै संयोग होइन, यो लामो समयदेखि संस्थागत हुँदै आएको राजनीतिक प्रवृत्ति र पितृसत्तात्मक सोचको परिणाम हो। त्यसो त महिला उम्मेदवार किन कम छन्? अथवा महिलाहरू नेतृत्व लिन सक्षम नै छैनन् तर त्यस्तो होइन। विगत र अहिलेसम्मको यात्राले महिला सचेत अवस्थामा आइसकेका छन् भन्ने तथ्य बिर्सनु हुन्न।

दक्षिण एसीयाली मुलुकमा राजनीतिमा महिलाको उपस्थितिलाई हेर्ने हो भने हामीकहाँ संविधानले बलियो समावेशी व्यवस्था गरेकै कारण स्थानीय तहमा महिलाको उपस्थिति उल्लेख्य छ तर कार्यकारी निर्णायक भूमिकामा अझै कम छन्। सार्क तहमा हेर्दा भारतमा स्थानीय तहमा आरक्षणले सहभागिता बढेता पनि संसद्मा महिला प्रतिनिधित्व अझै कम छ।

बंगलादेशमा शीर्ष नेतृत्वमा महिला देखिए पनि पार्टीतहमा आन्तरिक लोकतन्त्र कमजोर छ। पाकिस्तानमा आरक्षण छ, तर सुरक्षा र सांस्कृतिक अवरोधको कारण महिलाको वाक स्वतन्त्रता नै जोखिमपूर्ण छ। श्रीलंकाले महिला नेतृत्व पायो तर फेरि पनि प्रतिनिधित्व न्यून छ। अफगानिस्तानमा महिलाको राजनीतिक अधिकार लगभग निष्क्रिय छ। नेपालको सन्दर्भमा हजार अवरोध र कठिनाइबीच पनि महिला राजनीतिक क्षेत्रमा यतिको टिकेर रहनुलाई सकारात्मकरूपमा लिन सकिन्छ। समानुपातिक सूचीमा महिलालाई राखेर ‘कोटा पूरा’ गर्ने प्रवृति र प्रत्यक्ष निर्वाचनमा टिकट दिँदा महिलाले हार्छ भन्ने मानसिकता यो दुवै समुन्नत लोकतन्त्रको बाधा हो।

निर्वाचन खर्चिलो हुनु पनि महिलाहरूको आर्थिक पहुँच कमजोर हुनु, पारिवारिक दायित्व, समाजको आलोचनात्मक दृष्टि र चरित्र हत्या हुने डरले धेरै सक्षम महिला उम्मेदवारीबाटै पछाडि हट्न बाध्यकारीजस्तै अवस्था हुनुले पनि महिला नेतृत्व तहमा पछाडि परेका हुन्। हामीकहाँ अहिलेसम्म पनि राजनीतिक दलहरूले महिलालाई अन्तिम समयमामात्रै ‘उम्मेदवार’ बनाउँछन्। परिणामतः महिलालाई जित्न गाह्रो हुन्छ। संख्यात्मकरूपमा महिला उम्मेदवार कम छन्, भएकालाई कसरी जिताउन सकिन्छ भन्नेतर्फ सोच्न आवश्यक छ। भएका महिला उम्मेदवारलाई कमजोर देखाउने होइन, संगठन, कार्यकर्ता र स्रोतसाधन पूर्णरूपमा परिचालन गरेर भए पनि जित्ने वातावरण दलहरूले नै बनाउनुपर्छ। महिला मतदातामाथि लक्षित अभियान महिला उम्मेदवारलाई जिताउन महिला मतदाताको सक्रियता अनिवार्य छ। महिलाको मुद्दा, दृष्टिकोण र नेतृत्व क्षमतालाई प्रचारको केन्द्रमा राख्नुपर्छ।

सबै पार्टीहरूले समुन्नत समाजको परिकल्पना गर्दैगर्दा महिला उम्मेदवारलाई जिताउनु केवल एक व्यक्तिलाई जिताउनु होइन, आधा जनसंख्याको आवाज संसद्सम्म पुऱ्याउनु हो भन्ने चेतना मतदातासम्म पुग्न आवश्यक छ। महिलाको जनसंख्या बढी भएर पनि राजनीतिक प्रतिनिधित्व कम हुनु लोकतन्त्रको गम्भीर विरोधाभास हो। महिला उम्मेदवार कम हुनु केवल महिलाको कमजोरी होइन, दल, राज्य संरचना र समाजको सामूहिक असफलता हो। *रासस*

# राजासहितको प्रजातन्त्र पुनर्स्थापित गर्ने अवसर



❑ गोकर्णराज सिटौला

देशको ३५ वर्षको समीक्षा गर्दा ४६ सालयता सातजना प्रधानमन्त्री भए। देशलाई ३० खर्ब ऋण बोकाए। धर्म, संस्कृति बेचे, नेपाली नागरिकतालाई विस्थापित गर्न राष्ट्रिय परिचयपत्र लागू गरेर नेपालीको पहिचानजति समाप्त पार्ने खेल खेले। आफू र आफन्तलाई अर्बपति बनाउने खेल खेले। नेपाली जनतालाई लोकतन्त्रको झूटो नारा दिएर कान भरे तर पेट भोकै राखे। दुई छाक मिठो मसिनो खान नपाएर लाखौं जनतालाई विदेश जान बाध्य पारे। गाउँ-गाउँ, टोल-टोलका जनतालाई भिख मागेर खाने बनाए। नेपालको अहिलेको गरिबीको अवस्था संसारले देखेको छ। प्रमुख दलहरूकै अदूरदर्शिताले नेपाली जनता दुःखमा बाँच्न बाध्य छन्।

आमजनतामा राजनीतिप्रति वितृष्णा छ। यस्तो अवस्थामा प्रमुख कुनचाहिँ दललाई राष्ट्रवादी भन्नु? नेपालको यस्तो गति यस्तो राजनीति सबैलाई थाहा भइसकेको छ। चुनाव आउँछ चर्का नारा घन्किन्छ, जनता पत्याउँछन्। जुनसुकै वाद बोकेका जनता भए पनि गरिब झन्झन् गरिब, धनी झन्झन् धनी भइरहेका छन्। नेपालमा जस्तो चुनाव भए पनि राजनीतिक स्थायित्व हुँदैन। यसरी हेर्दा राजालाई मान्ने दल राप्रपामात्र असल जनवादी, विकासवादी पार्टी भएको जनताले बुझ्न थालेका छन्। हिजो राजाको पालामा कति विकास मौलाएको थियो र अहिले कति विकास भएको दाँजे हुन्छ। पूर्वराजा ज्ञानेन्द्र जनताको दैलो दैलोमा गएर जनताको सुख दुःख बुझेकै हो। उनी विदेशीसँग झुकेनन् र उनको सत्ता गयो, श्रीपेच गयो। श्रीपेच नभए पनि हाम्रो मनको राजा ज्ञानेन्द्र शाह नै हो।

जनताले हरेक कुरामा असन्तुष्टि व्यक्त गरिरहेका छन्। देश बेहाल अवस्थामा छ, जनता बिजोग अवस्थामा छन्। पूर्वराजाले राष्ट्रिय सहमति गरेर जाऊ भन्दा देशका प्रमुख दलका नेताहरूलाई पचेको छैन, सुनेको नसुन्यै छन्। बोले पनि खिलापमा बोल्छन्। राजसंस्था नेपाली जनतालाई मन नपरेको होइन, विदेशी इशारामा चलेका नेताहरूलाई मन नपरेको हो। यो कुरा समस्त नेपाली जनले बुझेकै छन्। यसरी हेर्दा यो देशका नेता विदेशीका कार्यकर्ताजस्ता छन्। त्यसैले राजासहित राष्ट्रिय सहमति नभई भएको निर्वाचनले पनि के निकास दिन सक्ला र?

अहिलेको अवस्था हेर्दा पहिलाभन्दा फरक देखिन्छ। जनता धर्म मान्नेलाई भोट दिने भनिरहेका छन्। नेपालमा ९० प्रतिशतभन्दा बढी हिन्दू छन्। हिन्दूले इमान्दाररूपमा राप्रपालाई मत दिने हो भने राप्रपाको बहुमत आउने सबैले बुझेकै कुरा हो। पार्टीको एजेण्डा र सिद्धान्त हेर्ने हो भने राप्रपा सबैभन्दा बलियो छ। उम्मेदवार हेर्ने हो भने सबैभन्दा राम्रा छन्। विगत हेर्ने हो भने पनि निष्कलंक छन्। किन अब राप्रपाले नजित्ने त? आफ्नो नेपाली पहिचान बोकेको, धर्म संस्कृति, राष्ट्रियता सिद्धान्त बोकेको एकमात्र पार्टी पनि राप्रपा नै हो। राजासहितको प्रजातन्त्रप्रति पनि राप्रपा अडिग नै रहेको छ। विचारको हिसाबले भने राप्रपा नै अघि छ। विगत हेर्ने हो भने पनि राप्रपा नै स्वच्छ छ, इमानदार नेताहरूले भरिएको, इमान्दार कार्यकर्ताले भरिएको पार्टी हो। हरेक हिसाबले राम्रो हुँदामा पनि यो पार्टीले विगतमा किन बहुमत ल्याउन सकेन? यो अहिले सबैले विचार पुऱ्याउनुपर्ने कुरा हो। त्यसैले यसपटक राप्रपाको अवस्था सन्तोषजनक नै रहला भन्ने मेरो अनुमान छ।

यसरी हेर्दा संसद्बाटै राजसंस्था र हिन्दूराष्ट्र पनर्स्थापित हुनुपर्ने हो। यसपटक राष्ट्र र राष्ट्रियताको मर्म बुझेकाले जित्नुपर्ने हो। यदि राजसंस्था र हिन्दूराष्ट्र मान्ने पार्टीले जित्यो भने संसद्बाटै राजसंस्था पुनर्स्थापित हुने निश्चित छ। त्यसो त राप्रपाले लिइरहेको वर्तमान सिद्धान्तलाई स्थापित गर्न जनसघंर्ष गरिरहेको छ, यसलाई निरन्तरता दिनुपर्छ। सडकदेखि सदनसम्मै आन्दोलनलाई अझ मजबुत पार्नुपर्छ। जनताले वास्तविक कुरा बुझिसकेका छन्। राजा नमान्ने, धर्म संस्कृति नमान्ने भ्रष्टाचार गरिरहनेहरूले कतिपटक जित्ने? केका लागि जित्ने?

हुन त राजावादीहरूमा एकता नहुनु नै दुर्भाग्य हो। फरक-फरक पार्टीमा रहेकाहरू मिल्न नसक्नु र एकता हुन नसक्नु देश र जनताकै लागि दुर्भाग्य हो। सबै राजावादीहरू मिलेर मोर्चा बनाएर जितिन्छ भन्ने थाहा हुँदाहुँदै फरक-फरक रूपमा जानु र मेलमिलाप नहुनु झन् विडम्बना हो। यदि साँच्चै राप्रपाले राजसंस्था र हिन्दू राज्य फर्काउने हो भने केन्द्रीयस्तरका सबै बलियो नेता, जनाधार भएका नेता मैदानमा उत्रनुपर्थ्यो। तर राप्रपाका केही वरिष्ठ नेताहरू चुनावमा नउठेको म पनि सुन्दै छु। उनीहरू किन उठेनन्? त्यो उनीहरू आफैंले जान्ने कुरा हो।

यस मेसोमा भन्नुपर्दा राजसंस्था पुनर्स्थापित नहुँदासम्म जसले जिते पनि देश र जनता बलियो हुँदैनन्। देशमा राजनीतिक स्थायित्व पनि हुँदैन। देशमा अभिभावकीय भए पनि राजै चाहिन्छ। हामीले जापान, बेलायतजस्ता राजसंस्था भएको देशमा कति विकास भएको छ, त्यो हेरे पुग्छ। नेपालको परिवेशमा पनि अभिभावकीय भए पनि राजा नै चाहिन्छ भन्ने पुष्टि भइसकेको छ। यो कुरा जनताले बुझे, नेताहरूले बुझेनन्। अब राजसंस्था पुनर्स्थापना गर्न जनता नै मैदानमा उत्रने बेला आएको छ। अहिलेका राष्ट्रका ठूला नेताहरूकै कारण देशमा भ्रष्टाचार बढेको हो। राष्ट्र चलाउने नेताहरू इमान्दार देखिएनन्। अब यो कुरा गणतन्त्रवादीलाई मत दिने जनताले बुझ्नुपर्छ।

अबको निकास भनेको राजासहितको प्रजातन्त्र मात्र हो। ठूला दलका नेताहरू ठूलाठूला कुरा गर्छन्, विकास गर्दैनन्, राष्ट्रियताको कुरा गर्छन्, विदेशी इशारामा चल्छन्। हिन्दू हो भन्छन्, तर हिन्दू धर्म संविधानमा राख्दैनन्। त्यसैले अब समय आयो सचेत हुने। यो चुनाव धर्म संस्कृति बचाउन, राजसंस्था ल्याउन निर्णायक युद्ध होस्।

# 'जसले बाँदर नियन्त्रण गर्ने स्पष्ट खाका ल्याउँछ उसैलाई भोट'

**ढोरपाटन (बागलुङ)–** बागलुङको जैमिनी क्षेत्रमा भोट माग्न जाने उम्मेदवारलाई मतदाताले चुनाव जितेर बाँदर नियन्त्रण गर्ने नीति ल्याउन आग्रह गरेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्न गाउँमा पुगेका उम्मेदवारलाई मतदाताले बाँदर आतंकले गाउँमा बस्न गाह्रो भएको गुनासो पोखेका हुन् ।

जैमिनी नगरपालिका-५ की कुमारी थापाले बसाईंसराइका कारण गाउँ रित्तो हुँदै गएपछि बाँदर गाउँका घरमा बस्न थालेको बताइन् । बारीमा लगाएको बालीदेखि घरमा राखेको सबै सामान बाँदरले नष्ट गरी दिँदा गाउँमा बस्न सक्ने अवस्था नभएको उनको भनाइ छ । टोल छिमेकी सबै बजार झरेको भन्दै गाउँमा बस्ने वातावरण बनाउने नेतालाई जिताउनुपर्ने थापा बताउँछिन् ।

'बाँदरले गाउँमा बस्न गाह्रो बनाइसक्यो, न बारीका बाली राम्रो हुन दिन्छ, न घरमा राखेका सरसामान सुरक्षित हुन्छन्, यस्तो अवस्थामा कसरी गाउँमा बस्न सकिन्छ र ?,' उनले भनिन्, 'पहिलो मान्छे विकास नभएर बजार झरे, अहिले विकास भएको छ तर बाँदरका कारण गाउँ छोड्नुपर्ने अवस्था आएको छ, जसले बाँदर नियन्त्रण गर्ने योजना ल्याउँछ उसैलाई भोट दिने हो ।'

स्थानीय प्रतीमा पौडेलले केटाकेटी र वृद्धवृद्धालाई गाउँमा एक्लै बस्ने समस्या हुने गरेको बताइन् । पहिले वनमा बस्ने बाँदर हिजोआज गाउँमा बस्न थालेको भन्दै केटाकेटी र बूढाबूढीलाई आक्रमण गर्न आउने उनको भनाइ छ । घर छोडेर मेलापातमा जाँदा एक/दुई जना घर कुरुवालाई राखेर जानुपर्ने बाध्यता रहेको गुनासो गरिन् ।

उनले भनिन्, 'पछिल्लो पाँच वर्षदेखि गाउँमा बाँदरले आतंक मच्चाएको छ, हुने खानेहरू सबै सहर बजार गइसके, गाउँमा हुने त उही सामान्य परिवारकामात्रै छन्, पहिले पहिले गाउँमा धेरै मान्छेहरू भएर होला बाँदर डराउँथे, अहिले त धपाउन खोज्दा उल्टै आक्रमण गर्न आउँछन् यो हिसाबले गाउँमा बस्न सक्ने अवस्था छैन, चुनावमा भोट माग्न आउने नेतालाई बाँदर नियन्त्रण गरी गाउँमा बस्ने वातावरण मिलाइदिन अनुरोध गरेका छौं ।'

बरेङ-१ तमबहादुर विकले जनताको माग र आवश्यकतालाई बुझेर काम गर्ने नेतालाई भोट दिने बताए । धेरै थरिका नेताहरू भोट माग्न आइरहेको उनको भनाइ छ । यसपालि किसानका समस्यमा बुझ्ने उम्मेदवारलाई भोट दिने उनको भनाइ छ । *रासस*

---

## नाफिन बचत तथा ऋण सहकारी संस्था लि.

**काठमाडौ महानगरपालिका वडा नं. २५, न्हयैकन्तला, असन**

**कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति २०८२/११/१५**

यस संस्थाबाट कजा लिनु हुने तपशिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम धनि संस्था सँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपशिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तरताकेता गर्दा समेत साँबा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हाल सम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जाना,दै दस्तुर समेत सम्पुर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकीएको समय भित्र पनि उल्लेखित अनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षपणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सग सम्बन्धीत अन्य पक्ष र धनी संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साथी एंवम धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धीत अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरीने ब्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ। साथै कालो सुचीमा नाम समावेश गर्नका लागि लेखी पठाईने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १ | **नामः निरज थापा**<br>बुबाः कमल थापा<br>बाजेः गुप्त बहादुर थापा<br>नागरीकता:२८/०१/०६६/०४४१<br>जारी मिति : २०६६/०१/२४ जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला टिकाथली वडा नं.९ |  | ललितपुर जिल्ला लुभु गा.वि.स. वडा नं. ८ ख कित्ता नं. ८३८ क्षे.फ.०-४-२-० |

---

## कतारमा रोजगार

कम्पनी : **DR.MAMDOUH FARID HOSPITAL W.L.L**

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339542 | चलानी नं. ६०२५३०४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner hospital | 1 | 2 | 1200 | ४७,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**J.K. OVERSEAS PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम ईजाजत नं. १७२०/०८१/०८२

---

## साउदीमा रोजगार

कम्पनी : **SALEH AL-JUHANI SONS COMPANY FACTORY FOR READY-MIXED CONCRETE**

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 339560 | चलानी नं. ६०२५३०३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ३८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४

---

## युएइमा रोजगार

कम्पनी : **FEATURE TECH. CONT.**

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | LT. No.339573 | चलानी नं. ६०२५३०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER. | 63 | 0 | 1600 | ६३,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com
श्रम ईजाजत नं. १६४८/०८०/०८१

---

## कतारमा रोजगार

कम्पनी : **ABBAN CONTRACTING AND HOSPITALITY**

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१४ | LT. No. 328190 | चलानी नं. ६०२४२००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SUPERVISOR | 0 | 1 | 2500 | ९९,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SITE SUPERVISOR | 0 | 1 | 2500 | ९९,६९५ | | | | | | | |
| 3 | SALES SUPERVISOR | 0 | 1 | 2500 | ९९,६९५ | | | | | | | |
| 4 | REPRESENTATIVE | 0 | 1 | 2500 | ९९,६९५ | | | | | | | |
| 5 | RECEPTIONIST | 0 | 1 | 1500 | ५९,८१५ | | | | | | | |
| 6 | DRY CLEANER WORKER | 0 | 1 | 1200 | ४७,८५५ | | | | | | | |
| 7 | CASHIER | 0 | 1 | 1400 | ५५,८३० | | | | | | | |
| 8 | ADMINISTRATIVE SUPERVISOR | 1 | 0 | 2500 | ९९,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

---

## उत्तरगया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**लहरेपौवा, रसुवा**

**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/११/१५**

प्रस्तुत विषयमा यस उत्तरगया गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यका लागि विद्युतिय बोलपत्र आह्वानको सूचना प्रकाशन भएअनुसार यस कार्यालयमा रितपूर्वक पेश भएका विद्युतिय बोलपत्रबाट तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नम्बर | योजनाको नाम | स्वीकृत भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि. एस. सहित) |
|---|---|---|---|---|
| 1. | URM/NCB/WORKS/ 05/2082/083 | Protection of Dhunge Settlement (Boulder Breaking work) | Mahima Nirman Sewa, Battar, Nuwakot | Rs. 47,89,320.74 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Nepal Water Supply Corporation

**Branch Office, Dhangadhi**

## Notice of the Intent of Acceptance

**(First Publication Date: 2082/11/15 (27 Feb, 2026)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the P**rocurement of Works** as per the Invitation for Bids published in 2082/09/28 Through E-GP system: bolpatra.gov.np/egp, that the following listed Lowest Evaluated Substantially Responsive Bidders have been selected to award the contract.

| S. N | Contract Number | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including VAT & PS) |
|---|---|---|---|
| 1 | NWSC-DHI/082/ 83/NCB/Works-03 | Rajan Nirman Sewa, Belaspur-16, Banke | 5,620,840.00 |

---

# Narpa Bhumi Rural Municipality

## Office of the Rural Municipal Executive

**Chyankhu, Manang**

Gandaki Province, Nepal

## Re-Invitation for Sealed Quotation

**(Date of Publication: 2082/11/15 (27 February 2026)**

Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang Invites the *Electronic* Sealed Quotation only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under Sealed Quotation. All other information and Sealed Quotation Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp**. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.

| S.N | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated cost (NRs) (Including VAT & PS) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | PRACHIN TASHI LAKANG GUMBA JANE PADMARG | NBRM-WORKS/SQ/ 03/082-083(Re) | 1,000.00 | 1287797.83 | 35000.00 | |

**Last date of Sealed Quotation submission: 16 March 2026, 12:00 PM (2082/12/02)**

**Sealed Quotation Opening Date: 16 March 2026, 02:00 PM (2082/12/02)**

Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank: **Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal**<br>Name of Office: **Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal**<br>Office Code no. :80440502300<br>Office Account no.: **26503000001001000001**<br>Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank: **Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal**<br>Name of Office: **Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal**<br>Office Code no. : 80440502300<br>Office's Account No.:- **26503000003000000001** |

**Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, १५ फागुन २०८२ (Friday, 27 February 2026)


रूपशाला

## अभिनेत्री सापकोटा वैवाहिक बन्धनमा

अभिनेत्री नम्रता सापकोटा वैवाहिक जीवनमा बाँधिएकी छन् । उनले बिहीबार ओजस नामक युवकसँग विवाह गरेकी हुन् । उनको विवाह समारोह नागार्जुन सितापाइलास्थित निजी निवासमा आयोजना गरिएको छ । विवाहमा सीमित पारिवारिक सदस्यको मात्र उपस्थिति रहेको थियो । उनले बुधवार साँझ मेहन्दी समारोहको एक तस्बिर सामाजिक सञ्जालमा पोस्ट गर्दै आफू विवाह बन्धनमा बाँधिन लागेको जानकारी दिएकी थिइन् । तर, उनले श्रीमानबारे कुनै जानकारी दिएकी थिइनन् । उनी पछिल्लो समय ओशो सन्न्यासी समेत बनेकी थिइन् ।



रंगशाला

# 'परालको आगो'को फर्स्टलुक्समा गहिरो भावमा सुहाना, सौगात र प्रकाश

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी वैशाख ११ गतेबाट प्रदर्शनमा आउने फिल्म 'परालको आगो'को फस्ट लुक्स सार्वजनिक भएको छ । बिहिबार निर्माण टिमले फिल्मको पहिलो पोस्टर रिलिज गरेको हो ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य तीन पात्र सुहाना थापा,सौगात मल्ल र प्रकाश सपुतलाई देख्न सकिन्छ । तीनै पात्र निकै गम्भीर भावभंगिमामा देखिन्छन् । जहाँ सुहानाको सिउँदोमा सिन्दुर,अनि निधारमा टीका लगाएकी छन् । तर पनि उनको मन खुशी छैन भन्ने भाव पोस्टरमा झल्किन्छ । यता प्रकाश सपुत घुम ओडेर रसिला आँखा पारेका छन् । प्रकाश र सौगात मल्लको अनुहार रुन्चे देखिन्छ । यि तिनै पात्रले फिल्मको कथावस्तु रहस्यमय र सामाजिक द्वन्द्वमा आधारित रहेको संकेत गरेको छ ।

लक्ष्मण सुनारको निर्देशनमा निर्माण भएको यो फिल्ममा ग्रामीण परिवेश, पारिवारिक सम्बन्ध र समाजभित्र लुकेका मनोवैज्ञानिक तथा भावनात्मक संघर्षलाई फिल्मले उठान गर्ने अनुमान गरिएको छ । पोस्टरमा देखिएको आगोको झिल्को र अँध्यारो पृष्ठभूमिले कथा प्रतीकात्मक रूपमा 'परालको आगो' जस्तै सानो कारणले ठुलो परिणाम निम्त्याउने विषयवस्तुमा केन्द्रित हुनसक्ने संकेत गर्छ ।

यस फिल्ममा सौगात मल्ल, प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, किशोर भण्डारी,ज्याक श्रेष्ठ,सरिता भण्डारी,रेणु न्यौपाने,बाल कलाकार मन्जिला बाँनिया लगायतले अभिनय गरेका छन् ।

हरि ॐ सिने मेकर्स प्रा.लिको निर्माणमा बनेको यस फिल्मका निर्माता सुशील पोखरेल हुन् । सुशील देवकोटाले लेखेको यस फिल्ममा छायाँकार संकल्प भुजेल, नृत्य निर्देशन रामजी लामिछाने, सम्पादन मिलन श्रेष्ठ, रंग संयोजक कनाल कँवर रहेका छन् । त्यसै गरि फिल्मको भि.एफ.एक्स. समिर मिया, सत्यम रानाले गरेका हुन् भने टिजर र ट्रेलर साहिल खानले काटेका छन् ।

त्यसैगरि ५.१ मिक्सिडमा मुकेश शाहले गरेका छन् भने नगेन्द्र घिमिरे निर्माण संयोजनको काम गरेका छन् । त्यसैगरी यो फिल्ममा निर्माण नियन्त्रक ईश्वर घिमिरेको छ भने पाश्वं संगीत किरण तुलाधर, संगीत शान्ती ठटाल, सत्य-स्वरूप, प्रकाश सपुतको रहेको छ । फिल्मको गीतमा गीतकार मनबहादुर मुखिया, सुरेन्द्र राना, प्रकाश सपुतले लेखेका छन् ।

फिल्ममा भेषभूषा डिजाइन सुजन परियार, श्रृंगारको जिम्मा मदन न्यौपानेले गरेका छन् भने केश विन्यासमा रोनिशा अधिकारी रहेकी छन् । यस फिल्मको पोस्टर निर्माण आइडियल डिजाइनर्सले गरेको हो भने कला निर्देशकका रूपमा प्रतिक चौधरी रहेका छन् । मुख्य सहायक निर्देशक करण बहादुर साउद रहेका छन् भने निर्माता सुलभी पोखरेल, सत्यम पोखरेल छन् । यस फिल्मको वितरण आर फिल्मसले गर्दैछ भने ओएसआर ओटीटी राइट लिइसकेको छ ।

# दक्षिण अफ्रिकाको सेमिफाइनलको सम्भावना लगभग सुरक्षित

**काठमाडौं–** दक्षिण अफ्रिका टी-२० विश्वकपको सेमिफाइनलको सम्भावना लगभग सुरक्षित गरेको छ । सुपर एटमा भारतपछि वेस्ट इन्डिजलाई पनि ९ विकेटले दक्षिण अफ्रिकाले सहजै हराएको हो । १७७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले १६.१ ओभरमै एक विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो । सुपर एटको पहिलो खेलमा दक्षिण अफ्रिकाले भारतलाई ७६ रनले हराएको थियो । दोस्रो जितसँगै सेमिफाइनलमा स्थान लगभग सुरक्षित गरेको छ । अन्तिम खेलमा अप्रत्याशित नतिजा नआएसम्म दक्षिण अफ्रिकाको अन्तिम चारमा स्थान पक्का जस्तै देखिएको छ ।

कप्तान एडेन मार्कराम र क्विन्टन डि ककले आक्रामक सुरुआत गर्दै पहिलो विकेटका लागि ९५ रनको साझेदारी गरे । डि ककले २४ बलमा ४७ रन बनाएर आउट भए ।

